जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि सम्पर्क ९८१५८३०६०१

बर्ष १२ • अंक १४६ • २०८१ चैत्र ५ गते मंगलवार • 18 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## केन्द्राध्यक्ष नियुक्तिबारे मुख्यमन्त्री सिंहद्वारा जिल्ला परीक्षा समन्वय समितिहरूलाई ध्यानाकर्षण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ४ चैत्र



यही आउने बिहीबार (७ चैत) देखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा केन्द्राध्यक्ष नियुक्तिबारे मधेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले जिल्ला परीक्षा समन्वय समितिहरूलाई ध्यानाकर्षण गराउनुभएको छ । परीक्षा सञ्चालन हुन तीन दिनमात्र बाँकी रहँदा मुख्यमन्त्री सिंहले केन्द्राध्यक्ष सम्बन्धित केन्द्र रहेको विद्यालयका प्रधानाध्यापक नभई गोलाप्रथाद्वारा तय गर्न समितिको ध्यानाकर्षण गराउनुभएको हो ।

मुख्यमन्त्री सिंहले एसइई परीक्षा सञ्चालनबारे प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले समसामयिक सुधार गरिँदै अघि बढ्न यसअघि नै जिल्ला परीक्षा समन्वय समितिलाई केन्द्राध्यक्ष गोलाप्रथाबाट नियुक्त गर्न पत्राचार गरिएको स्मरण गराउनुभएको छ। तर केही जिल्ला परीक्षा समन्वय समितिले पुरानै प्रक्रियाअनुसार केन्द्र रहेकै विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोक्ने प्रक्रिया अघि बढाएपछि मुख्यमन्त्री सिंहले यसबारे विज्ञप्ति प्रसारित गरेरै ध्यानाकर्षण गराउनुभएको हो । आइतबार साँझ सिंहका तर्फबाट प्रेस सल्लाहकार अनिलकुमार कर्णले प्रसारित गर्नुभएको विज्ञप्तिमा परीक्षा सञ्चालनबारे परीक्षाको मर्यादाका लागि सम्बन्धित केन्द्र रहेकै विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नतोकिने यसअघि भएका निर्णयको स्मरण गराइएको छ ।

केन्द्राध्यक्ष गोलाप्रथाबाट तोकिँदा निष्पक्षता र परीक्षाको मर्यादा दुवै पक्षमा सकारात्मक सन्देश र परिणाम प्राप्त हुने अवस्थाको अवज्ञा केही जिल्लाबाट भएको भन्दै यस्तो भए परीक्षा सञ्चालन प्रक्रियाबाट मधेश सरकार अलग्गिनेसम्मको ध्यानाकर्षण विज्ञप्तिमा उल्लेख छ । यता जिल्ला परीक्षा समन्वय समितिहरूले यसअघिका वर्षहरूझैं केन्द्राध्यक्ष सम्बन्धित केन्द्र रहेको विद्यालयका प्रधानाध्यापक तोकेर नै प्रक्रिया अघि बढाएका छन् । महोत्तरीमा पनि यसअघिका वर्षहरूमा भइआएको व्यवस्थाबमोजिम नै केन्द्राध्यक्ष तोकिएको जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले बताउनुभयो । फरक प्रक्रिया अघि बढाउन तयारीका लागि पर्याप्त समय नहुनु जिल्ला परीक्षा समन्वय समितिको बुझाइ छ । परीक्षाको मुखमा जिल्ला परीक्षा समन्वय समिति र प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिबीच बढ्ने असमझदारीले परीक्षा गञ्जागोल हुने चिन्ता शिक्षाविद्हरूले व्यक्त गरेका छन् । "परीक्षा मर्यादित र निष्पक्ष बनाउन समसामयिक सुधार गरिँदै लगिनु सकारात्मक कुरा हुन्, यद्यपि यी कुरामा परीक्षासम्बद्ध सबै पक्षबीच आपसी समन्वय आवश्यक हुन्छ", तीस वर्ष लामो शिक्षण पेसाबाट अवकाश लिनुभएका बर्दिबास-१ का केदारबहादुर कोइराला भन्नुहुन्छ, "अहिले अब प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति र जिल्ला परीक्षा समन्वय समितिबिच असमझदारी नभई समन्वय हुन आवश्यक छ ।" महोत्तरीमा यसपालि एक सय सात सामुदायिक र ३० संस्थागत विद्यालयका गरी एक सय ३७ विद्यालयका १० हजार नौ सय ४६ जना एसइई परीक्षामा सामेल हुँदैछन्। परीक्षा सञ्चालनका लागि जिल्लामा गत वर्ष २०८० कै ३२ केन्द्र कायम गरिएका छन्। परीक्षा सञ्चालनबारे केन्द्राध्यक्ष नियुक्तदेखि जनशक्ति व्यवस्थापन र अन्य सबै तयारी पूरा भएको जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष प्रजिअ कवारीको भनाइ छ।

## पत्रकार मंजित कुमार राम माथि आक्रमण




जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ४ चैत्र

महोतरीका पत्रकार मंजित कुमार राम माथि आक्रमण भएको छ । महोतरी सोनमा गाउपालिका-५ स्थित आफनै घरमा बसिरहेका पत्रकार राममाथि आइतबार दिउसो अक्रमाण गरी घाइते बनाइएको छ।

पुरानो रिसिबीका कारण स्थानीय कुंज बिहारी यादव र उनका तीन जना छोराले कुटपिट गरी घाइते बनाएको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार गराइरहेका पत्रकार रामले बताए। हात बाधेर कुटपिट गर्दा पत्रकार रामको टाउको पिठयु, ढाड र खुट्टामा चोट लागेको छ । पत्रकारलाई बचाउन आएका भाउजु पवन राम र आमा समेत घाइते भएको छ। पत्रकार रामको हात बाधेर कुटपिट गर्ने, दलित भएकै कारण गाउमा बस्न नदिने र जातिय विभेद गर्ने समुहलाई पहिचान गरी कारवाही हुनु पर्ने नेपाल प्रेस युनियन महोत्तरीका सचिव नविन चौधरीले माग गरेका छन्।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

## महोत्तरीको पडौलस्थान बजारमा स्थानीयहरूद्वारा प्रदर्शन



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ४ चैत्र

महोत्तरीको पडौलस्थान बजारमा स्थानीयहरूले प्रदर्शन गर्दै सोमबार बजार बन्द गराएका छन् । बलवा नगरपालिका-३ पडौल बजारमा रहेको शिवशान्ति ज्वेलर्सको ताल्चा फोडेर लाखौँको चोरी भएको घटनालाई लिएर व्यापारीहरू सडकमा टायर बालेर प्रदर्शन गर्दै बजार बन्द गराएका हुन् ।

शनिबार राति चोरहरूको समूहले पसलमा लुटपाट गरी बर्दिबासतर्फ भागेको सिसी टीभी फुटेजमा देखिएको बताइए पनि चोर समात्ने प्रयास सुरक्षाकर्मीले नगरेको भन्दै व्यापारीहरू बजार बन्द गराएका छन् । शिवशान्ति ज्वेलर्सका सञ्चालक अरुणकुमार साहका अनुसार ५ जनाको समूहमा आएका डाँकाहरूले पसलमा रहेको २० तोला सुन, १ लाख ५० हजार नगद, पसलमा राखिएको भोल्ट (लकर), क्यामराको हार्डडिस्क चोरी गरेर लगेको छ ।

सुन पसलमा लागेको सिसी टिभी क्यामराको हार्डडिस्क चोरहरूले लगेपछि नजिकै रहेको अन्य क्यामरा लुटपाट गर्न प्रयोग भएको जिप र डकैतीमा संलग्नहको भिडियो कैद भएको प्रहरीको भनाइ छ। पसलमा राति नै चोरी भए पनि आइतबार बिहान ९ बजे मात्र थाहा भएको सञ्चालक साहले बताउनुभयो ।

क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

*क्षयरोगबाट बच्न :*

- धूम्रपान तथा मद्यपान नगरौं,
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाछ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं ।
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवाईको सूर
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# सम्पादकीय...................

## नवप्रतिभामैत्री वातावरण प्रदान गर

*हरेक बालबालिकासँग कुनै न कुनै प्रतिभा रहेको हुन्छ । उनीहरूमा निहित प्रतिभालाई पहिचान गर्दै अङ्कुराउने वातावरण प्रदान गर्न सकेमा थुप्रै नवप्रतिभाको जन्म हुन्छ । आजका बालबालिका भोलिका कर्णदार यसै भनिएको होइन । उनीहरूमा भएको क्षमता, इच्छा तथा आकाङ्क्षाबमोजिमको प्रतिभा प्रस्फुटित हुने उपयुक्त वातावरण दिलाउनु सबैको कर्तव्य हो । मानव विकासको सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा यसलाई लिएर प्रतिभा पहिचान, प्रवर्धन एवं उपयोग गर्न सकेमा समृद्ध नेपालको परिकल्पना धेरै टाढाको विषय हुने छैन । यसका लागि सङ्घीय, प्रादेशिक सरकारसँगै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।*

*कुनै पनि व्यक्तिको लब्धाङ्क पत्रमा उल्लेख भएको अङ्कले मात्र उसको जीवनयापनमा सहजता पक्कै पनि ल्याउँदैन । व्यक्तिमा रहेको प्रतिभालाई उजागर गर्ने र उपयोग गर्दै जाने शिक्षा प्रणालीको विकास गर्न सकेमा अङ्क प्रणालीमा भन्दा पनि व्यावहारिक अभ्यासमा जोड पुग्छ । सैद्धान्तिक, घोकन्ते तथा अव्यावहारिक भएको आरोप खेपिरहेको नेपालको शिक्षा पद्धतिमा आमूल सुधारको आवश्यकता देखिन्छ ।*

*समग्र शैक्षिक प्रणालीमा आमूल परिवर्तन गर्न नसके पनि स्थानीय तहले स्थान विशेषका विशेषताका आधारमा स्थानीय योजना तर्जुमा एवं कार्यान्वयन गरी शैक्षिक पाठ्यक्रम तथा प्रणालीमा समयानुकूल परिवर्तन गर्दै जानुपर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत उपदफा २ ज. मा आधारभूत र माध्यमिक शिक्षा उल्लेख गरिएको छ । नवप्रतिभाको उच्च मनोबल बढाउन समान अवसर, पहुँच, विविधताको सम्मान गर्दै स्थानीय तहले सम्बन्धित क्षेत्रमा उनीहरूको सिर्जनाको उपयोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नु पर्छ ।*

# एउटा सिङ्गो दलित परिवार नै नागरिकताबाट वञ्चित



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ४ चैत्र**

एउटा सिङ्गो दलित परिवार नै नागरिकताबाट वञ्चित रहेको सुन्दा जोकोहीलाई पनि अच्चम लाग्न सक्छ तर, यथार्थ यही हो । सप्तरीको शम्भुनाथ नगरपालिका-३ कचन्दाहाका मागैन सदाका पूरै परिवार अहिले आफ्नो पहिचान खोज्न ठुलै सङ्घर्ष गरिरहेको छ ।

नेपालमै जन्मिए, यही हुर्किएँ तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन नसकिएको ६० वर्षीय मागैन सदाको गुनासो छ । घरकै मूली व्यक्ति मागैनको नागरिकता नबन्दा उहाँकी श्रीमती ५५ वर्षीया उर्मिलादेवी सदा, उहाँका जेठो छोरा २२ वर्षीय गोविन्दा, कान्छो छोरा १९ वर्षीय दीपक नागरिकताविहीन छन् । नेपाली भएको प्रमुख पहिचान नै नागरिकता नपाएका ती परिवारका सदस्यहरूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएको दुखसो पोख्छन् । स्थानीय साहुमहाजनमा खेतीपातीको काम गर्दै आउनुभएका मागैनले नागरिकताका लागि सबै निकायमा धाउँदै आए पनि पहिचान पाउन नसकिएको बताउनुभयो । जन्मेपछि कानुनी रूपमा राज्यको नागरिकहरूको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुवा फनि सदा र आमा चरी सदाको नागरिकता नहुँदा अहिले मागैन सदाको पूरै परिवार नै पहिचानबाट वञ्चित छन् । “बुवाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन, अहिले मेरो नागरिकता नहुँदा श्रीमती र छोराहरूको पहिचान बन्न नसकेको हो”, उहाँ भन्नुहुन्छ, “जन्मदर्ता नबन्दा छोराहरूले विद्यालयमा पढ्न पाएनन् र उनीहरू सानै उमेरमा कमाउन भारत जानुपर्ने अवस्था आयो ।” आर्थिक विपन्नताका कारण केही समय रोजगारीका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका मागैन अब स्वदेशमै मेहेनत गर्न चाहे पनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको सुनाउनुहुन्छ । उहाँका अनुसार नागरिकताका लागि तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म नागरिकताको सिफारिसका लागि धाउँदै आएँ तर सकिएन । “नागरिकताको सिफारिसका लागि जन्मदर्ता खोज्छन्, श्रीमान्को नागरिकता र आमाबुबाको नागरिकता माग्छन्”, उर्मिला सदा भन्नुहुन्छ, “तर न आफ्नो जन्मदर्ता छ, न श्रीमान्को नागरिकता नै, नेपाली भएको कुनै प्रमाण नै छैन ।” त्यसैले त नेपाली भएर पनि आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको छ ।” नागरिकता नहुँदा राज्यको मात्र होइन, समाज तथा समुदायबाट पनि अलग हुनुपरेको दुखेसो सुनाउँदै उर्मिला भन्नुहुन्छ, “नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेकी छुइनँ ।” यस्तै समस्यासँग जुध्दैछन् सोही ठाउँका चन्दर सदाको परिवार पनि । उहाँका बुवा धोथर सदाको नागरिकता नहुँदा चन्दरको सिङ्गो परिवार नै नागरिकता पाउनबाट वञ्चित छन् । चन्दरको नागरिकता नहुँदा उहाँकी ३५ वर्षीया श्रीमती कदमीदेवी, जेठी छोरी १७ वर्षीया पूजा, १५ वर्षीया छोरी श्रद्धा, १० वर्षीय छोरा फुलेशरा, छ वर्षीया छोरी फुलेश्वरी सदा र चार वर्षीय छोरा आयुष सदा पनि जन्मदर्ता र नागरिकताबाट वञ्चित छन् । चन्दर सदाका बुबा धोथर सदाको नागरिकता नबन्दा अहिले पूरै परिवार पहिचानविहीन छन् ।

यो समस्या सप्तरीको शम्भुनाथ नगरपालिकामा मात्र होइन, सप्तरीको विभिन्न स्थानीय तहमा छ । सप्तरीका विभिन्न स्थानीय तहमा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठुलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्ताका लागि सचेतना कार्यक्रमसमेत सुरु गरिएको छ । द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सप्तरीमा हरवाचरवा दलित समुदाय लक्षित घटना दर्ता अभियान सञ्चालन गरेको हो । अभियानका क्रममा शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा जिल्लाका विभिन्न स्थानीय तहमा नागरिकताबाट वञ्चित भएकाहरूको तथ्याङ्क सङ्कलन गरी जन्मदर्ता र नागरिकता बनाउनसमेत पहल गरिरहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली राम बताउनुहुन्छ ।


# व्यक्तिगत घटना दर्ता गरौ

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**मटिहानी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानलाई अमेरिकी चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ चैत्र




अमेरिकी आक्रमणबाट यमनमा धेरै हुथी नेताको ज्यान गएको र इरानलाई विद्रोही समूह र लाल सागरको जहाज यातायातमा हुने आक्रमणहरूलाई समर्थन बन्द गर्न ‘सूचित गरिएको’ ह्वाइट हाउसले आइतबार बताएको छ।

“शनिबारको हवाई आक्रमणले वास्तवमा धेरै हुथी नेतालाई लक्षित गरी उनीहरूलाई नष्ट गर्‍यो”, राष्ट्रिय सुरक्षा सल्लाहकार माइकल वाल्ट्जले एबिसी न्युजलाई भने, “हामीले उनीहरूलाई भारी बल प्रयोग गरेर प्रहार गर्‍यौं र इरानलाई पर्याप्त छ भनेर सूचित गर्‍यौं।” उनले इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्न ‘सबै विकल्पहरू टेबलमा छन्’ भन्ने अमेरिकी चेतावनी पनि दोहोर्‍याए। शनिबारको अमेरिकी आक्रमणहरूमा कम्तीमा ३१ जनाको मृत्यु भएको र एक सय एक जना घाइते भएको समूहको स्वास्थ्य मन्त्रालयले आइतबार बताएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्केपछि यमनी विद्रोहीहरूविरुद्ध यो पहिलो आक्रमण थियो। एक दशकभन्दा बढी समयदेखि यमनको धेरैजसो भाग नियन्त्रणमा राखेको तेहरान समर्थित समूहले इजरायल र संयुक्त राज्य अमेरिकाको कडा विरोध गर्दछ र जहाज यातायातमा आक्रमणहरू गाजामा इजरायलको युद्धको विरोधमा भएको बताएको छ।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ चैत्र

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार आज अमेरिकी डलर एकको खरिददर १३८ रूपैयाँ ९० पैसा र बिक्रीदर १३९ रूपैयाँ ५० पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर १५१ रूपैयाँ १३ पैसा र बिक्रीदर १५१ रूपैयाँ ७८ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७९ रूपैयाँ ६५ पैसा र बिक्रीदर १८० रूपैयाँ ४२ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५६ रूपैयाँ ९० पैसा र बिक्रीदर १५७ रूपैयाँ ५८ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ८३ पैसा र बिक्रीदर ८८ रूपैयाँ २१ पैसा , क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ६६ पैसा र बिक्रीदर ९७ रूपैयाँ ०८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रूपैयाँ १३ पैसा र बिक्रीदर १०४ रूपैयाँ ५८ पैसा निर्धारण गरिएको छ।

त्यसैगरी जापानी येन १० को खरिददर नौ रूपैयाँ ३५ पैसा र बिक्रीदर नौ रूपैयाँ ३९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १९ पैसा र बिक्रीदर १९ रूपैयाँ २७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ ०४ पैसा र बिक्रीदर ३७ रूपैयाँ २० पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ११ पैसा र बिक्रीदर ३८ रूपैयाँ २७ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १३ पैसा र बिक्रीदर चार रूपैयाँ १५ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ८२ पैसा र बिक्रीदर ३७ रूपैयाँ ९८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ २४ पैसा र बिक्रीदर ३१ रूपैयाँ ३७ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ५७ पैसा र बिक्रीदर नौ रूपैयाँ ६१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ७० पैसा र बिक्रीदर १३ रूपैयाँ ७६ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ २५ पैसा र बिक्रीदर २० रूपैयाँ ३४ पैसा तोकिएको छ ।

# ‘क्रिष’ भारतीय सिनेमाको सबैभन्दा प्रतीक्षित फिल्म

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ चैत्र



ऋतिक रोशन र राकेश रोशनको फ्रान्चाइजी ‘क्रिष’ भारतीय सिनेमाको सबैभन्दा प्रतीक्षित फिल्म हो। हाल चलचित्रको चौथो भागको बारेमा छलफल भइरहेको छ।

तर, हालै फिल्मको बजेट ७०० करोड भारतीय रुपैयाँ पुगेकाले प्रदर्शन स्थगित गरिएको खबर आएको थियो । फिल्मको बजेट उच्च भएकाले कुनै पनि स्टुडियो यसमा काम गर्न तयार नभएको यो फिल्मबाट सिद्धार्थ आनन्द र उनको कम्पनी मार्फ्लिक्स पनि अलग भएको खबर थियो । तर राकेश रोशनले फिल्मको घोषणा चाँडै गरिने बताएका छन्। रोशन परिवार र फिल्मसँग नजिकको स्रोतका अनुसार बजेटको बारेमा फैलिएका रिपोर्टहरू पूर्णतया गलत छन्। यति मात्र होइन, हालैको एक अन्तर्वार्तामा राकेश रोशनले क्रिष ४ को आधिकारिक अपडेट वर्षको अन्त्यसम्ममा आउने अपेक्षा गरिएको पनि बताएका थिए । बलिउड हंगामाको एक रिपोर्टले उद्योग स्रोतहरूलाई उद्धृत गर्दै ‘क्रिष ४’ लाई ठूलो बजेट चाहिन्छ, त्यसैले कुनै पनि स्टुडियोले फिल्ममा लगानी गर्न चाहँदैन भनेर उल्लेख गरेको थियो।

रिपोर्टमा ठूलो बजेटसँगै केही जोखिम पनि समावेश रहेका कारण कुनै पनि स्टुडियो ७०० करोड लगानी गर्न तयार भएनन् । सुरुमा ऋतिकले आफ्ना नजिकका साथी सिद्धार्थ आनन्दलाई निर्माण साझेदारको जिम्मेवारी दिएका थिए ।

सिद्धार्थ आनन्द र उनको ब्यानर मार्फ्लिक्स फिल्म्सले निर्देशक करण मल्होत्रासँगै यो परियोजनाबाट अलग्गिएको खबर प्रकाशित थियो। ऋतिक र उनका बुबा राकेश रोशन अब नयाँ स्टुडियो खोजिरहेको दाबी गरिएको थियो । क्रिष फ्रान्चाइजी २००३ को फिल्म कोइ मिल गयाबाट सुरु भएको थियो।

# सिंगापुर र मलेसियाविरुद्ध खेल्ने राष्ट्रिय फुटबल टोली घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ चैत्र



सिंगापुर विरुद्धको मैत्रीपूर्ण खेल र एएफसी एसियन कप छनोटअन्तर्गत मलेसियासँगको खेलका नेपाली राष्ट्रिय फुटबल टोली घोषणा भएको छ । मुख्य प्रशिक्षक म्याट रोसले सोमबार २३ सदस्यीय अन्तिम टोली घोषणा गरेका हुन्।

नेपालले यही मार्च २१ मा सिंगापुरसँग मैत्रीपूर्ण खेल खेल्नेछ। त्यसपछि मार्च २५ मा मलेसियासँग उसैको मैदानमा एसियन कप छनोटको अन्तिम चरणको पहिलो खेल खेल्नेछ । म्याट रोस प्रशिक्षक बनेपछि नेपालले पहिलो पटक अन्तर्राष्ट्रिय खेल खेल्न लागेको हो । उनले घोषणा गरेको पहिलो टोलीमा तीन नयाँ अनुहारले स्थान बनाएका छन् । जसमा गोलकिपर अन्जल श्रेष्ठ, डिफेण्डर सुमन श्रेष्ठ र फरवार्ड सुबास बम ठकुरी छन् । सुबास पहिलो पटक राष्ट्रिय टिमको प्रशिक्षणमा परेका हुन् र पहिलो पटकमै उनी अन्तिम टोलीमा पर्न सफल भए । गत कात्तिकमा ताजकिस्तान र अफगानिस्तान विरुद्धको खेलमा चोटका कारण टिममा नरहेका अनन्त तामाङ र लकेन लिम्बुले टिममा पुनरागमन गरेका छन् । यस्तै कृतिश रत्न छुन्जु र रेजिन सुब्बाले पनि टिममा पुनरागमन गरेका छन्।

# घाईते सँतोषलाई हेलिकप्टरबाट काठमाडौं रेफर



आरजे इर्शाद शेख
धनुषा, ४ चैत्र

धनुषाको सबैला नगरपालिका वडा नम्बर ९ भठिहनमा जातको नामले बोर्ड लगाउन भएको विवादमा एक युवक पिसिलिएका छन्। जातको राजनीतिको जंजीरमा फँसेर एक युवकले जीवन र मृत्युसँग लडिर हेका छन् । जातीय चोक बनाउने विषयमा उत्पन्न विवादको क्रममा प्रहरीमाथि ढुंगामुढा गरेपछि प्रहरीले चलाएको गोली लागेर घाइते भएका संतोष यादवलाई काठमान्डौं रिफर गरिएको छ । शहीदनगर नगर पालिका वडा नम्बर १ कुम्भकर्णका संतोष यादवलाई उपचारका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो। तर , त्यहाँ उपचार सम्भव नभएपछि उनलाई काठमाडौं पठाइएको हो। विवाद सबैला नगरपालिकामा भएपनि उनी शहिदनगर नगरपालिकाबाट जातको हिसाबले ढुंगामुढा गर्न गएको प्रहरीले जनाएको छ। जातीय झगडा भएको भन्दै उनी अर्को गाउँबाट ढुंगामुढा गर्न गएपछि प्रहरीले गोली चलाउँदा मलद्वारमै गोली लागेको हो । उनी सख्त घाइते भएका छन्।



जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# नारामा सीमित सुशासन

-नेपालको संविधान जारी भएको नौ वर्ष बित्दा पनि नेपालीको जीवनस्तरमा खास सुधार भएको देखिँदैन । राजनीतिक परिवर्तनका लाभ जनताले नपाएपछि संविधानका चिसा अक्षरको के अर्थ हुन्छ ? अहिले नेपालको राजनीति व्यापारी र बिचौलियाको कब्जामा फस्दै गएको छ । हिजोआज 'सुशासन' सबैको भाका मिलाउने लोली बन्ने गरेको छ । यस्तो किन भइरहेको छ भने सुशासनबेगर नत राज्यको औचित्य सावित हुन्छ न सरकारको वैधानिकता नै सिद्ध हुन्छ । त्यसैले अनेक रूपका तानाशाहहरूले पनि आफूले रामराज्य नै दिएको भ्रम छर्ने गर्दछन् ।

अहिले सुशासनको नारा त्यसले बढी दिन्छ जसले 'कुशासन' मात्र दिएको छ । 'सुशासन' छ भने दिनदिनै भट्याउन नै पर्दैन । चिनियाँ दार्शनिक लाओत्सुले भनेका थिए- 'राजहंसलाई सेतो हुन दैनिक नुहाउन पर्दैन र कागलाई कालो रङ नपोते पनि कालै हुन्छ ।' जसमा जे छैन, उसले त्यही छ भन्ने गर्दछ । तानाशाही शासन भएको उत्तर कोरियाले आफ्नो देशको नाम 'डेमोक्रेटिक पिपुल्स रिपब्लिक अफ कोरिया' लेख्ने गर्दछ र दक्षिण कोरियाले 'रिपब्लिक अफ कोरिया' भन्ने गर्दछ । सुशासनलाई तथ्यमा भन्दा जनताको अनुभूतिमा मूल्यांकन गर्नुपर्ने हुन्छ । त्यसैले यसका मूल आधारहरू, आयाम र यसले समेट्ने विविध तत्त्वहरूमा व्याख्या गर्नु व्यावहारिक हुन्छ । पारदर्शिता र उत्तरदायित्व, जनताको स्वामित्व, समता र पूर्वानुमेयता यसका चार खम्बाहरू मानिन्छन् । अझ यसलाई तीन मुख्य पक्षहरूमा सरल रूपमा बुझ्न सकिन्छ ।

पहिलो अवलम्बन गरिएको प्रक्रिया (प्रोसेस) पारदर्शी छ छैन, दोस्रो दिइने सेवाको बनोट (कन्टेन्ट) ले न्याय र समताको प्रत्याभूति गर्दछ वा गर्दैन, तेस्रो वितरणीय सेवा ( डेलिभरेबल) ले गरिब र पछि परेकाहरूको जीवन प्रतिष्ठापूर्ण बनाउन मद्दत गर्दछ वा गर्दैन । यी तीन पक्ष सकारात्मक महसुस भयो भने सुशासन छ भन्न सकिन्छ । विश्व बैंकले कुनै पनि देशको सुशासनको मूल्यांकन गर्न छ वटा सूचकहरू विकसित गरेको छ- जनताको आवाज र उत्तरदायित्व, राजनीतिक स्थिरता, सरकारको प्रभावकारिता, नियमन गुण, विधिको शासन र भ्रष्टाचार नियन्त्रण । हरेक वर्ष यी सूचकहरूको आधारमा विभिन्न देशहरूको सुशासनको स्थिति देखाउने गर्दछ । योबाहेक ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचारको स्थिति, वर्ल्ड जस्टिस प्रोजेक्टले विधिको शासनको अवस्था, पब्लिक इन्टिग्रिटी संस्थाले पारदर्शिता र उत्तरदायित्वको स्थिति र विश्व बैंककै 'वर्ल्ड ह्यापिनेस इन्डेक्स' ले खुसीको मापन गर्ने गर्दछ । पछिल्ला प्रतिवेदनहरूले नेपालको सुशासनको अवस्था निराशाजनक देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२५ को प्रतिवेदनमा नेपालको स्थान भ्रष्ट मुलुकहरूको १०७ औं स्थानमा देखाएको छ । त्यस्तै सन् २०२४ मा भोकमरीमा ६८औं, विधिको शासनमा ६९औं, खुसीमा ९३औं, एचडीआईमा १४६औं, समृद्धिमा ११०औं र समग्र सुशासनको र्‍याकिङमा ९२औं स्थानमा देखाइएको छ । ट्रान्सपरेन्सीको भ्रष्टाचारसम्बन्धी 'सीपीआई' मा गत वर्षको भन्दा स्कोर पनि एक अंकले घटेकाले चिन्ता बढाएको छ । नेपाल सार्ककै भारत, भुटान, श्रीलंका र माल्दिभ्सभन्दा भ्रष्ट देखिएको छ । नेपालको स्कोर गत वर्ष ३५ रहेकामा यस वर्ष ३४ छ । ५० अंकभन्दा बढी अंक हासिल नगरेसम्म भ्रष्ट देशहरूको सूचीमा पर्ने हुन्छ । विधिको शासन र खुसीसम्बन्धी 'वर्ल्ड ह्यापिनेस इन्डेक्स' मा भने नेपालको सार्क देशहरूमै राम्रो देखिन्छ । विश्व बैंकको 'वर्ल्ड गभर्नेन्स इन्डेक्स' मा 'गभर्नेन्स इफिसेन्सी र्‍याकिङमा भने नेपाल ७८औं स्थानमा रहेको छ । सार्कका भारत, पाकिस्तान, बंगलादेश, श्रीलंकाभन्दा नेपाल अगाडि देखिए पनि भुटान र माल्दिभ्सभन्दा पछाडि परेको छ । बैंकको प्रतिवेदनका सबै 'वर्ल्ड गभर्नेन्स इन्डिकेटर' का सबै परिसूचकमा नेपालको स्कोर ऋणात्मक हुनु भने चिन्ताको विषय हो । समग्रमा नेपालको सुशासनको स्थिति नाजुक छ । जुन नेपालीहरूका लागि गम्भीर विषय हो । व्यवहारमा हेर्दा पनि सामान्य सरकारी कामका लागि घूस दिनुपरेको, सेवा वितरण निष्पक्ष भएको, ढिलासुस्ती र रुखो व्यवहारले जनताले सास्ती खप्नुपरेको जस्ता विसंगति विभिन्न सर्वेक्षणहरूले देखाएका छन् । निःशुल्क वितरण गरिने भनिएको औषधि उपत्यकाकै अस्पतालमा नपाइएको, ग्रामीण भेगका स्वास्थ्य संस्थाहरू कार्यालय सहयोगीको भरमा चलिरहेको, सिटामोलसमेत ती संस्थाहरूमा नरहेको, पाठ्यपुस्तकहरू परीक्षा हुने बेलासम्म उपलब्ध नभएको, विद्यालयहरूमा कहीं विद्यार्थी नभएको र कहीं खेताला शिक्षकको भरमा सञ्चालन भइरहेको, किसानले एकातिर मल नपाएको र अर्कोतिर आफ्ना उत्पादनले उचित मूल्य नपाएकाले सडकमै फाल्नु परेका जस्ता समाचारहरू सार्वजनिक भइरहेका छन् । ठूला भ्रष्टाचारका काण्डहरू सार्वजनिक भइरहेका छन् । यसबाट नेपालमा सुशासन दिनबाट सरकार र समग्र सार्वजनिक क्षेत्र असफल भएको देखिन्छ । जनताको चेतन र अर्धचेतन मनले जस्तो 'शासन' को चित्र बनाउँदछ त्यही नै सुशासनको स्थिति हो । जनताले कुशासनको अनुभूति गर्न थाले भने सरकारलगायत सुशासनका पात्रहरूको वैधानिकतामा प्रश्न उठ्न थाल्दछ । सुशासनका मुख्य पात्र भनेका राज्यका अवयवहरू, राजनीतिक दल, निजी क्षेत्र र नागरिक समाज हुन् । यसबाहेक किचेन क्याबिनेट, सल्लाहकारहरू, संगठित आपराधिक समूहदेखि ठूला व्यापारिक घरानाहरूले समेत सुशासनका लागि सकारात्मक वा नकारात्मक प्रभाव पार्न सक्दछन् । यसमा सबभन्दा बढी जिम्मेवार भनेको राजनीतिक दल र सरकार नै हुन् । राजनीतिक दलहरू निश्चित सिद्धान्त र नीतिहरूलाई लागू गरेर समुच्च समाजको कल्याण गर्न संगठित हुने गर्दछन् । नीति उत्पादन गरेर अरू पात्रहरूका लागि खेलको मैदान तयार गरिदिने र कडा वा नरम नियमनद्वारा समाजमा सुव्यवस्था कायम गर्न आफ्ना संयन्त्रहरू परिचालित गर्ने पनि सरकारले नै हो ।

सांभार : कान्तिपुर ।







कमला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल








## सेवाश्रम नेपालद्वारा आयोजित १७ औं पुरस्कार वितरण कार्यक्रमको विजेता यादव घोषणा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ४ चैत्र

जनकपुरधाममा अवस्थित सेवाश्रम नेपालद्वारा आयोजित १७ औं पुरस्कार वितरण कार्यक्रम अन्तर्गत ९८ औं एपिसोडमा उपेन्द्र कुमार यादव प्रथम विजेता घोषणा भएको छ।



दानीकान्त झाको अध्यक्षता तथा मधेस प्रदेश साँसद रामअशिष यादवको प्रमुख आतिथ्यमा समपन्न बक्तृत्वकला प्रतियोगितामा ६२ वटा रिचार्ज बराबरका सामानहरु पाएर उपेन्द्र कुमार यादव प्रथम,५८ वटा रिचार्ज बराबरको सामानहरु पाएर शिवम साह द्वितिय, ४८ वटा रिचार्ज बराबरको सामानहरु पाएर राहुल कुमार यादव तृतिय, २४ वटा रि चार्ज बराबरका सामानहरु पाएर उज्जवल जी उन्नति चतुर्थ भएका थिए भने सबैभन्दा कम उमेरको प्रतियोगि उत्कृष्टजी उपमाले ६ वटा रिचार्ज बराबरका सामानहरु प्राप्त गर्न सफल भएका थिए। त्यसैगरी महिला प्रतियोगिहरुमा प्रमिला कुमारी यादवले सबैभन्दा बढी १६ वटा रिचार्जहरु बराबरका सामानहरु प्राप्त गरेका थिए । अन्य दर्जनौं सहभागिहरुले रिचार्ज बराबरका आकर्षक घरेलु सामानहरु जित्न सफल भएका थिए। २०८० साल फागुन १२ गतेदेखि २०८१ साल फागुन २४ गतेसम्म प्रथम स्थान अगोटन सफल भएको प्रतियोगि उपेन्द्र कुमार यादवले अहिलेसम्म जम्मा ४६४ रिचार्ज बराबरका सामानहरु प्राप्त गरिसकेका छन् भने अहिलेसम्म कुनै पनि एपिसोड र पुरस्कार वितरण कार्यक्रम नछुट्टाई यस कार्यक्रममा निरन्तर जोडिएका विजेता उपेन्द्र कुमार यादवले जलेश्वर टुडे डटकमलाई जानकारी गराउनुभयो।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday